भद्रपुर नगरपालिका

# स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ६ भद्रपुर, असार ३१ गते, २०८० साल,  संख्या ६

## भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि, सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

"भद्रपुर  नगरपालिकाको स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०"

*स्वीकृत मिति २०८०/०३/०६*

*प्रमाणीकरण मिति २०८०/०३/०९*

## स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम भद्रपुर नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "स्थानीय सेवाको तहवृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०" हुनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात भद्रपुर नगरपालिका, झापामा लागू हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनुपर्दछ।

(२) "कर्मचारी" भन्नाले भद्रपुर नगरपालिकाको स्थानीय सेवाको पदमा बहालमा रहेको जुनसुकै कर्मचारी कर्मचारीलाई सम्झनुपर्दछ।

(२) "कार्यालय" भन्नाले भद्रपुर नगरपालिका कार्यपालिकाको कार्यालय, झापालाई सम्झनुपर्दछ।

(३) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिका, झापालाई सम्झनुपर्दछ।

(४)"नगरकार्यपालिका" भन्नाले भद्रपुर नगरकार्यपालिकालाई सम्झनुपर्दछ।

(५) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ।

(६) "अख्तियारवाला" भन्नाले नियुक्ति, पदस्थापना, तह बृद्धी तथा बढुवा गर्न सक्ने पदाधिकारीलाई सम्झनु पर्दछ।

**३.सूचना प्रकाशन गर्नुपर्ने**: (१) अध्यादेश बमोजिम नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धिका लागि समितिले प्रत्येक वर्षको असार महिना तथा पौष महिनाको पहिलो हप्ताभित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी, नगरपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचनामा अध्यादेशको दफा २८ बमोजिम संलग्न गर्नुपर्ने देहायका कागजातहरु पेश गर्ने गरी सूचना प्रकाशित गरिने छ ।

क. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ,

ख. सुरु नियुक्ति प्रमाणित प्रतिलिपी,

ग. हालको पदमा नियुक्ति प्रमाणित प्रतिलिपी,

घ. अन्य कार्यालयबाट समायोजन भई आएको भए सोको समायोजन पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपी ।

४. **समिति गठन गर्नुपर्ने**: (१) अध्यादेश बमोजिम तहवृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा अध्यादेशको दफा २८ को उपदफा (३) बमोजिम देहाय अनुसारको तह वृद्धि तथा बढुवा सिफारिस समिति गठन गर्नुपर्नेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत ...................................अध्यक्ष

ख. कार्यपालिकाले तोकेको बरिष्ठ महिला कर्मचारी .................सदस्य

ग. कार्यपालिकाले तोकेको बरिष्ठ पुरुष कर्मचारी .....................सदस्य

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ ।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. आवश्यक न्यूनतम् योग्ता र सेवा अवधि -**

१.अध्यादेशको दफा २८ र २९ को अधिनमा रहि तह बृद्धी तथा बढुवा हुने पदका लागि देहाय बमोजिमको शैक्षिक योग्यता र सेवा अवधि कायम गरिनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका